सर्वोच्च अदालतबाट जारी गरिएको

## सूचना

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिरहेको कारण अदालतहरूको काम कारवाही तथा सेवा प्रवाह व्यवस्थापन सम्बन्धमा सर्वोच्च अदालतको पूर्ण वैठकको मिति २०७६।१२।०७ को निर्णय तथा त्यसपछि विभिन्न मितिमा भएको निर्णयहरुबमोजिम अदालतको काम कारवाहीमा सीमितता सहितको सेवा प्रवाह हुँदैआएको कुरा विदितै छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट बन्दाबन्दी (लकडाउन) को अन्त्य भएको र जिल्लाभित्र सार्वजनिक यातायातसमेत सञ्चालनमा आएको सन्दर्भमा सर्वोच्च अदालतको वृहत पूर्ण इजलासबाट मिति २०७७।०२।१५ मा भएको आदेशको व्यवस्था र प्रदान गरेको सुविधामा अन्यथा असर नपर्ने गरी जिल्लाभित्रका सम्बन्धित अदालत वा न्यायिक निकायमा उपस्थित हुनुपर्ने अवस्थाका सोही जिल्ला भित्रका सेवाग्राहीहरू मिति २०७७।०४।०८ देखि बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुन तथा छोटो दूरीका निजी तथा सार्वजनिक यात्रुवाहक सवारी साधन एक जिल्लाबाट अर्को जिल्लामा र आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई उडान २०७७ साल भदौ १ गतेदेखि सञ्चालन हुने सन्दर्भमा अन्य जिल्लामा रहेका अदालत वा न्यायिक निकायमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरू मिति २०७७।०५।०१ देखि बाटोको म्याद बाहेक ३० (तीस) दिनभित्र हदम्याद, म्याद र तारिखमा अदालतमा उपस्थित हुन यस अदालतबाट मिति २०७७।०४।०८ मा सूचना जारी भएको अवस्थासमेत विद्यमान छ।

उपरोक्त निर्णय एवम् सूचनासमेतका आधारमा अदालतहरूबाट सेवा प्रवाह हुँदै आएकोमा संक्रमणको बढ्दो अवस्थाका कारण विभिन्न जिल्ला तथा पालिका लगायतमा निषेधाज्ञा तथा बन्दाबन्दी जारी भएको र अदालतहरूबाट प्रवाह हुने सेवामासमेत सोही अनुरूप संकुचन ल्याउनु परेको अवस्था रहेको छ।

केही दिन अघिबाट काठमाडौं उपत्यकामा बढिरहेको संक्रमण र हालै गरिएको परीक्षणबाट यस अदालतमा कार्यरत १ जना कर्मचारीमा पनि संक्रमण देखिएको परिप्रेक्ष्यमा सेवाग्राही समेतको भिडभाड नियन्त्रण गरी संक्रमणको जोखिम न्यूनिकरण गर्न यस अदालतबाट हुने काम कारवाही र प्रवाह गरिने सेवाहरूमध्ये अत्यावश्यक प्रकृतिका कार्य र सेवाहरू बाहेकका अन्य सेवाहरू आगामी केही दिनका लागि स्थगन गर्नुपर्ने अवस्था देखिएको छ।

उल्लिखित अवस्था र पृष्ठभूमिमा यस अदालतबाट हाल सम्पादन हुँदैआएका काम कारवाहीहरू र सेवा प्रवाहमा संकुचन ल्याउनु वाञ्छनीय देखिएकोले संक्रमणको जोखिम न्यूनिकरण र निर्धारित स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना हुनसक्ने गरी अदालतका काम कारवाही र सेवा प्रवाहमा संकुचन गरी हाललाई अत्यावश्यकीय काम कारवाही र सेवा मात्र (उदाहरणार्थ; बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई, रिट निवेदनको दर्ता र सुनुवाई तथा अन्तरिम आदेश छलफल, पुनरावेदन/निवेदन दर्ता, थुनुवा रहेका मुद्दा/निवेदनको सुनुवाई, पुनरावलोकनको निवेदन सुनुवाई लगायतका काम कारवाहीहरूलाई प्राथमिकीकरण गरी कारवाही र सुनुवाई हुने गरी) सञ्चालन गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

मिति : २०७७।०४।२२

देवेन्द्र ढकाल
उपरजिस्ट्रार